ॐ

# राष्ट्रपिताश्री५बडामहाराजापृथ्वीनारायणसाहदेव
# को
# दिव्य उपदेश

[ संशोधित द्वितीय संस्करण ]

प्रकाशक—
पृथ्वीयन्ती समारोह समिति
वि. सं. २०१०

सम्पादक—
योगी नरहरिनाथ
ऐ. शि. म. बाबुराम आचार्य

द्वितीय वार ५०००

( सर्वाधिकार सुरक्षित )

मुद्रक—श्री वागीश्वर छापाखाना, झोछें, लायकुसाल, काठमाडौं, नेपाल।

श्रीः

# पीठिका

—=*=—

श्री ५ पृथ्वीनारायणसाहका भारादारहरुमा पांडे र वस्न्यात मुख्य थिये। पृथ्वीनारायणले पछिल्ला पटक नुवाकोटमा गये र भाई भारधार प्रभृतिलाई जो उपदेश दिये थे। त्यो महत्त्वपूर्ण हुनाले उसै समयमा लेखेर धेरै जनाले राखि छोडनु स्वाभाविकै थियो। काजी अभिमानसिंह वस्न्यात संग रहेका प्रतिबाट सारिएको प्रति उनका घरमा वस्ने उनैका वंशानुगत कारिन्दाका सन्तान मु. भक्तबहादुर संग रहेको काजी अभिमानसिंहका वंशधर श्रीबखतमानसिंह वस्न्यात संग पाइयेको हुनाले त्यसलाई अविकल मूल राखेर टिप्पणी परिशिष्ट सहित सम्पादन गरियेको छ। अगाडि पनि काशी बाट गोरक्षग्रन्थमालामा प्रकाशित भयेको थियो। अशुद्धि रहन गयेकाले जस्ताको तस्तो मूल यहाँ दियेको छ।

यसका आरम्भमा पृथ्वीनारायणका नामका साथ 'श्रीश्रीश्री ५' लेखियेको छ। श्रीश्रीश्री जोड्ने चलन वि. सं. १८२६ देखि पृथ्वीनारायणसाहले नै गरेका थिए। 'श्री ५' जोडेर महाराजाधिराजको नाम लेखियेको पहिला लेख वि. सं. १८६३ को पशुपतिमा रहेको कपर्दार भोतु-पांडेको प्रतिमालेख देखियेको छ। पुराना प्रति अनुसार

श्रीश्रीश्री लेखी सके पछि नयाँ पद्धतिको स्मरण भयेर '५' समेत जोडियेको हुनाले जुन प्रतिबाट यो पुस्तिका सम्पादन गरियेको छ, त्यो प्रति बि. सं. १८६३ का आस पास लेखियेको अनुमान भयेको छ। यस लेखको आकार प्रकार पाठकहरुलाई स्पष्ट देखाउनाका निमित्त प्रथम पृष्ठको चित्र समेत दियेको छ। मूल पुस्तकमा 'ख' र 'श' का सट्टामा सर्वत्र 'ष' र 'स' लेखियेको हुनाले पाठकहरुलाई पढ्दा केही असजिलो भयेता पनि आफ्नो पुरानु पद्धति सम्झेर पढ्ने छन् भन्ने भरोसा छ। पाठकहरुलाई पढ्न सुबिस्ता होस् भनेर मूल प्रतिमा नछुट्टियेका काण्डका यसमा छुट्यायेर लेखियेका छन्।

पृथ्वीनारायणसाहले कुन २ सिद्धान्तको भर परेर नयाँ राज्यस्थापना गरेका र बढायेका थिये भन्ने कुरा यस उपदेशमालाबाट स्पष्ट हुन्छ। उनका उत्तराधिकारीहरुले पनि बिस वर्ष सम्म यि सिद्धान्तको पालना गरि राज्यविस्तार गरेको प्रमाण इतिहासमा पाइन्छ। बि. सं. १८५० देखि यिनका सिद्धान्तहरुको क्रमशः शिथिलता हुदै आयेको र तेस्को परिणाम पनि तेस्तै हुदै आयेको हुनाले यस उपदेश मालाबाट पाठकहरुले पनि केहि नयाँ पाठ सिक्न अनुचित होवैन।

ॐ

# श्री ५ वडामहाराजा पृथ्वीनारायणसाहदेव को

# दिव्यउपदेश

( संशोधित द्वितीय संस्करण )

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः[1] ॥ ॥ श्री ३ सिवं[2] गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण[3] सहाः ॥ ॥ श्री श्री श्री ५ बुढा· महाराजाँ[4] ले तिन सहर· नेपाल र हिंदुपँ[5]ति को राज लिया पछि· पछिल्ला पटक्· नुहाकोट[6]

---

१– शुद्धरूप 'श्रीकालिका सहाय'। यो वाक्य पृथ्वीनारायणसाहको समयदेखि राजेन्द्रविक्रमसाहको समयसम्म निजामति लेखकहरू प्रत्येक लेखको शिरमा लेख्दथे। २– शु. रू. 'शिव गोरक्षनाथ सहाय'। ३– श्री पृथ्वीनारायणसहाय। ४– रणबहादुरसाहको समयदेखि पृथ्वीनारायणसाहलाई बडा महाराजा भनी लेख्ने र बोलचालमा बुढा महाराजा भन्ने चलन १७० वर्ष जति चलेको देखिन्छ। ५– विजयपुर र मकवानपुरका सेन राजाहरूले हिन्दुपति भन्ने पदवी लियेका थिये। अचेलको किरात र पर्सा देखि मोरङ्ग सम्मको प्रदेश इनका राज्यमा थिये। ६– प्रसिद्ध नुवाकोट तिन ॰॰॰। यो पहिला नुवाकोट त्रिशूलीका वायाँ पट्टिको हो।

मा. पाउ लाग्नु भया मा[1]. गुरु प्रोहित[2]. थर[3]. घर. भैयाद[4]. भारादार[5]. र. आफ्ना ददा. सुरथिसि[6]. राना. सबै का[7]. बुढा पाका छेउ. हुकुम भया का कुरा[8].

वुढा मरै. भाषा[9] सरै. भनि भन्छन्. तिमि हरु सबै छेउ सुनाइ गया को भया. तम्रा[10] सन्तानलाई. सुनाउला[11] र. तम्रा सन्तान ले. हाम्रा सन्तान.लाई सुनाउनं र. यो राजे[12] थामि षानन्ः

॥ उप्रान्तः ॥ हाम्रा. मुमा हरु. तिन हुन् . हामि तिन षोपि का. पाच पांडुवा[13] को अवतार भया का थिञुं. मेरो विवाहा[14] मकुवानपुर मा भया को थियो. डोला[15] सुम्पे को थियन[16] र. डोला

---

१—वि. सं. १८३१ मा । २—शु. रू. 'गुरु पुरोहित'। ३—परिशिष्टमा छ । ४—महाराजाका भैयाद । ५—मन्त्रिवर्ग । ६—शु रू. सुरथसिंह । ७—अरुहरूका पनि वुढा पाका । ८—यतिसम्म प्रस्तावनापङ्क्तिका कुनै लेखकले जोडेको देखिन्छ । ९—शु. रू. वुढा मरे भाषा सरे । १०—शु. रू. तिम्रा । ११—शु. रू. सुनाउनन् । १२—शु. रू. राज्य । १३—पाण्डव । १४—शु. रू. विवाह । १५—दुलही । १६—थियेन ।

पनि लैयाउ[1]. नेपाल पनि देखि आउ भनि
मकुवानपुर गञुँ[2] र. पुग्यँ[3] पछि. दिकवँन्दसेन[4]
लाई. यवटा[5] कुरा को. करेउलि[6]. लियेर. भने
एकदन्ता हाति र. नवलाँषि हिराको हार.
दिन्छौ भने. डोला पनि लै जाला. दिन्न भन्या.
काढि तरवार सित पनि लै जाला भनि. हाक
पारि. नेपाले राजा ले चिन्नान्[7] र. पक्रन्. भनि
स्याषुँ[8] वढि. रापति[9]का तिरै तिर. भानु[10] जैसि.
कुलानन्द जैसि. अरु. थर. घर. पनि साथै मा
थिया. चन्डाँ[11]गिरि.मा आइ पुग्या पछि. नेपाल
कुँन्हो[12] भनि सुध्याञा र. त्यो भादगाउ हो. त्यो
पाटन् हो. त्यो काठमाडौ हो भनि देषा (या)
र. मेरो मनमा. यि. तिनै सहर को. राजा हुन.
पाया ता. हुंदो हो. भन्ने यस्तो. मन मा परि

---

१– लियेर आउँ। २– गयौं। ३– पुग्या पछि। ४– दिग्बन्धनसेन। ५– एउटा। ६– कर लगाये र। ७– परिशिष्टमा। ८– घुम ओढेर। ९– भैंसेबाट ह्याटुडा तर्फ गयेको सानु नदी। १०– भानु ज्योतिषी अर्ज्याल। कुलानन्द ज्योतिषी ढकाल। १२– चन्द्रागिरि। १२– कुन हो।

रहेथ्यो. उस्तै वेला मा. उ दुवै जैसि ले भने. हजुर को मनकान्छया अविलाष पुग्ला. महाराजा भन्या र. मलाई आसजें लाग्यो र. मेरा. पेटका.कुरा कसो गरि जानेउ र. त्यस्वै भनेउ र. भनि मैले भन्दा. जसै नेपाल मा नजर. दिनु भये थ्यो. उसै वेला. मोच मा वाहुलि. डिदो मन मा नेपाल को राजा. हुन पाया ता. हुंदो हो. भन्या जस्तो परे छ.भनि. विन्ति हजूर मा. गन्या कै हो. भने र यो कुरा पुग्ला भनि मैले भन्दा. हजूर ले. गौ ब्रह्मानं. अतित फकीर. देउ देवता को मानिता. बहुतै. राष्नु. भया को छ हाम्रा. हात.मा पनि. सरसोति को. वर्दान छ. हजुर लाई नेपाल को राजः वस्य हुनै छ. भने र थांकोट् को. ठुलो भन्ज्यान् काटि. रात.दिन. गरि कल्हारि घाट. तरि. धादिन्. उक्लेउ र.

---

१– तसै २– जुंगा । ३– दिदा ४– ब्राह्मण । ५– अतिथि पाहुना । ६– सरस्वती । ७– राज्य वशमा ।

चेप्या को. षावा लिग्लीग्को आड गरि. राषे का मेरा तिन. विर छन्. तिन लाई वोलाहाट. को रुका लेषन जैमि भन्दा. तिन को नाउ के के हो. भनि सुध्याया र रणजित् वस्न्यात्. मानसिं.रोकाहां[1]. विरभद्र पाठक. मैधि मा रात. दिन. गरि आई पुके[2]. भनि लेषी पठाञा र. आइ पुगे र. तिन छेउ यकान्त. गऱ्या. भने दिकवन्दसेन सित. हाक दि. आञां. नेपाल पनि देषि आञां. हान्ना को. मनसुवा पनि राषी आञां. तिमि हरु क्या भञ्छौ. भनि. मैल भन्दा. हान्नु हवस्. महाराजा. भने र. सल्लाह दिया र. मैले भने म जसै. आर्का को. छत्रभङ्ग. गर्न. म जांछु. मेरो छत्रभङ्ग[3]. गर्न अर्को आयो भन्या. कसो होला. भनि. मैले. भन्दा. हजूर का. हाति. हउवा[4] ई. वाईस्[5]. चौविसि. आयो

---

१– रोकाया । २– पुग । ३– राज्यनाश । ४– हात्ती हौवा = हात्तीलाई हाउ भनि तर्साउने । ५– परिशिष्टमा ।

भन्या, चेप्या मा, रगत को. नदि वहाउला. महाराजा. भन्या र. यकान्त वाट. उठि गोर्षा. गयउ र. पुगे पछि. मामा[1] ज्यू पनि. निलकण्ठ[2]. पसुपति को दर्सन. लाई. देउघाट को. वाटो गरि. जानु भया को रहे छ. निलकण्ठ. पसुपति को. दर्सन भया. पछि. श्रीगोरषनाथ को दर्सन लाई. गोर्षा मा. आउनु भयो र दर्सन भया पछि. म सित भेट भयो र. मैले भन्या. मामा ज्यू. मकुवानपुर. पनि. पुगि आञां. नेपाल पनि देषि आञां. ह्यान्ना को. मनसुवा पनि. राषि आञां. कति. कुरा ले मेरो काज. फत्ये होला. आर्ति वक्सनु भया हुदो हो. भनि मैले भन्दा. मलाई पनि. पञ्चरात्री मा. द्रिष्टान्त भयो. हामि ले देषता. पाच. पाण्डुवा को अवतार, भया जस्तो लाग्द छ. कुरुक्षेत्र[3] को

---

१– पालपाली युवराज उद्योतसेन । २– नीलकण्ठह्रद (गोसाईं कुण्ड) का । ३– महाभारतको युद्ध, अर्थात् ठूलो लडाईं ।

मेला न भै. नेपाल फुटने छैन. लमजुन् . भन्या को गरुड हो. गोर्षा भन्या हो. सरप हो. नेपाल भन्या को. भ्यागुतो हो. अघी. गरुड को आषा छलनु. तव सर्पले भ्यागुतो षान पाउछ. मेरा साथमा. चार जात का सिपाहि छन् . इन्मा. कस्को सवार. गन्या चाडो काज. फत्य होला. भनि सोद्धा. के के जात छन् . भनि सोधनु भयो र. वाहुन् . षस. मगर. ठकुरि . इन मा. कस्को सवार. गन्या चाडो काज फत्य होला. भनि सोद्धा. वाहुन् . को. सवार. भन्या को. वयेल हो. पातक् लाग्छ. ठकुरि को सवार. भन्या को सिंघ हो पछाडि. दगा हुन्छ. मग्र[१] को सवार. भन्या को. टागन घोडा हो. ढिलो हुन्छ. षस को सवार. भन्या को. ताजि तुर्कि घोडा हो. षस को. सवार. गन्या. चाडो होला.

---

१– मगर।

भन्या जस्तो लाग्छ. भनि. अरु ढेरै कुरा को.
अर्ति. दि जानु भयो थ्यो. उनै अर्ति. लिञा र.
लम्जुंग्या. राजा. रिपुमर्दनसाह. सित. भेट
गर्न भान गयां र. चेपे घाट मा. भेट भयो र.
घाहां[1]. घरेस्[2] का. वात गर्दा. जौनां[3] कुरा ले.
घाहा. वाधुला. भंने. जढ कुरो. मेरा पेट मा
थियो. सोहि जढ कुरो. कालुपाडे ले. गऱ्यो
र. घाहा. वालयो वस्यो र. मलाईं आसजैं
लाग्यो र. तर. मलाई. ता रिझायो. दुनिञा
जस् देषी राजि रहन्छन्. उसै लाई. काजाई
दिनु. भन्ने. सास्त्रं[4] मा. पनि. कहे को छ. दुनि-
या मा. वुझि हेरुं. भनि. बुझि हेर्दा. दुनिञां.
बाट पनि. कालु पाडे. को चाहा रहे छ र. कालु-
पाडे लाई. कजाई दिनु भया. हामी. दुनिञां-
दार मा. छाहारि रहंदो हो भन्या. सल्लाहा

---

१– सन्धि । २– गृह प्रबन्ध । ३– ज्ञन । ४– परिशिष्टमा ।

दिया र. अब. वाइसि. चौविसि. ले कथा भन्छन्. भनि. वुझनु हुदा. वाईसि. चौविसि. बाट पनि. कालुपाडे कै. चाहा रहे छ र. कालुपाडे लाई. कजात्रि भया. घाहा. घराईस्. बलियो राषन्यै छ. भन्ने. सलाह दिया. मेरा. मन मा ता. विराज वषेति. लाई. कजाइ. दिन. आटे को थियो. तर. ज्याधा. वुद्धी. कालुपांडे कै ठहऱ्यो र. कालुपाडे लाई. कजात्रि. भया को हो. अब. पाडे. वस्न्यात्. को जुग वाधि दिंछु तेरि. छोरि. सिवराम वस्न्यात्. को छोरो केहरिसिंह. वस्न्यात. लाई. देउ. भनि मागि विहे पनि गरि दिआं र. पाडे वस्यात्. को जुग. वाधि. पाडे को. ढाल. वस्न्यात को. तरवार गरि. नेपाल मा. चढाइ गऱ्या को हो.

॥ उप्रान्त ॥ रणजित वस्न्यात्. मानसिंह

---

१– परिशिष्टमा ।

रोकाहा. वीरभद्र पाठक्. इन लाई. गौटी न्को. विराइ. लिगलीग. को, आड मा. राषि म पनि सल्ल्यान्[२] कोट. की देवी. साछ्यात्. छन्. भनि. भन्छन्. म पनि. सायेत गरि. जान्छु. भनि विदा गराया र. सायेत गरि. म पनि गञुं र. वारि मा. थेर्पु[३] पऱ्या. र. सल्ल्यानी. को. थर. घर. वरां[४] हा. उमराउ. हरु सित. सुधाजा. माइ को दर्सन् गर्नु. हुन्छ की भन्दा. भित्र दर्सण्[५]. पुजाहारि. टहलुवा लाइ मात्रै भित्र दर्सन गर्नु हुन्छ. जो हुकुम्. भन्या र. ढोका मा ता हुन्छ कि. भन्दा. ढोका मा ता हुन्छ. भन्या र. साझ. विहान. ढोका सम्म. जाई, पाठ. पुजा. जप्. दर्सन्. गर्थ्यां र. यक दिन का. रात मा. सोपना भयो र दुइ हात मा. दुइ षड्ग. लिया कि. सात. आठ. वर्ष. की,

---

१– परिशिष्टमा २– परिशिष्टमा । ३– बुढी गण्डकी कावायाँ पट्टिको । ४– काठ वाँस घाँस र बाबियाले बनेको । ५– दर्शन ।

कन्या· कुसुमे. पछिउरा. को. घुंगूटि पारि. म
छेउ आइन् र. मैले सोध्यात्रां. तिमि कसकि
छोरी हौ. भनि मैले भन्दा. पुजाहारि राना
कि छोरी हुँ. भनिन् र. उ दुवै. षङ्ग. मेरा. हात
मा. दिन र. आरसि प्रमान को. लाल. टल-
वल. गर्थ्यो. षोकीला. वाट झिकी. मेरा मुष.
सम्म. मा ल्याई. यो पनि निल भनिन् र. तम्रो.
मन कान्छ्या. पुन्याई. दिया को छ. म पनि
केही माग्छुं. थपि जाउ भनि. जसै. दुई. पाई
ला. गै थिन्. उसै वेला मा. म पनि विमुज्यौ
र. भानु जैसि. कुलानन्द जैसि. पुझाहारि.
राना लाइ. डाक्या र. सुध्यात्रां. जैसि ले पनि.
पुझाहारि ले पनि. ति माई. हुन् दर्सन पाउनु
भय छ. भने र· उसै वेला मा. धुप दिप. धजा
नैवेदे. नित्य पुजा लाई. सात राग्गा सातै

---

१– घुम्टो हाली ।

वोका थपि. वोर्ला घाट को. आम्दानी. र. घाटै छेउ को टार. माई लाई. संकल्प गरि दिञा र. उसै घरि को. सायत गरि. रात. दिन. गरि. सरासरी. आया र. सिमल् चौर. चौतारा मा थर्पु हालि. वस्या को थीञा. दावा भन्न्या. नुहाकोट् को. वहना. भन्या षिंच्यात् को. कुलो काटि. षेत विराउना को गरि राष्याध्या. वेत्रावति का. वेनि इन्द्रायेनि का थान मा. डुंगा तरि. जप. पाठ लाइ जांथ्या. ध्यान भन्न्या. सल्ल्यान् कोट् की देवी को र. इन्द्रायेनि. भैरवी को गर्थ्या. महामण्डल भने को नुहाँकोट को. सवता रहेछ. माहामण्डल मा ग्यामि. राना थीयो. त॰. हाम्रा. भर को ग्यामि होस्. माहामण्डल छोडि दे. म छेउ. आईज. भनी. पठाञा र. हुना ता. म॰. हजुर को हुँ.

---

१– नुवाकोट भैरवी । २– ग्याँमी राना मगरको एक थर ।

तर जयप्रगासमल्ल[1] को. नुन् षाई हाल्या. मरि मेटन्या छु. भनि हाक पारि. पठायो. र. येक दिन. कच्चहरि मा. वस्या को थिञां. तान्रा लागे छ र. तान्रै मा ता. इन्द्रायनि का थान मा. वस्या को रहे छु. आज का. साता दिन मा. ठूलो सायेत छ. तैसै दिन. को सायत ले. नुहाकोट साध्ये हुन्या छ. भन्या को सुन्या र. पात्र हेरन. जैसी. भन्या र. पात्रो हेऱ्या र. आज का. साता दिन. विहाउडो[2]. सनिश्चर[3]. वार. ठूलो सायत रहेछ. भनि विन्ति गऱ्या र. उहि सायत मा. महामण्डल मा. उक्लेउ र. तरवार. पऱ्यो[4] र. हाम्रा नुन का सेष ले. झुकाई. दिने पन्थ. वाहै वर्ष मा. मेरा भाई. दलमर्दन्साह, ले जेठी तरवार[5] राना को थापला मा हान्यो र. नुहाकोट साधे गरि

---

१– जयप्राकाशमल्ल। २– विहाउदो। ३–शनिवार। ४– लडाई भयो र।
५ सेनापतिलाई मार्ने तरवार।

वढाई . गरेउ र . ककनि . सिवपुरि . मा ठाना हालि . मुर्चा . लाइ . राषथ्यउ . मलाइ . प्रसु-राम थापा ले . नेपाल . हान्न आउ . भनि हात दिई राष्या थ्यो . आफ्ना भाई लाई . लाप विषि पुऱ्याउनु . वाईसि . चौविसी . उठाई . पछाडि हान्नु . भनि पठाय छ र . मैले थाहा पाञा र . काहा पुक्या को छ . भनि सुध्याञा र . पोषरा को हटियाँ मा . डेरा गरि वस्या को छ . भनि सुन्या र . त्यस लाई . वैठाई आउन को सकौला भनि सल्लाह गर्दा . कसैले पनि ठहराउन सकेन र . मैले भन्या . झागल गुरुं सक्ला भनि डाकी . अहाई . मेरो . कंमर को . कोता षानु . दियां र . गयोर . पुगि . गाईने को भेष गरि . हात मा . वल्छी को टागो लि काषि मा . सारङ्गी च्यापी २।४

१– मोर्चा । २– परशुराम । ३– परिशिष्टमा । ४– हाट । ५– खुकुरी सहितको पेटी ।

धार्नि को सहर. लैंगी. अरु. उसका. लस्कर. हरु. भात षान्या वषत् . मा. अवसर हेरि. वैठाई आयो र. पछेडी[2]. सुद्ध[3] गरि. नेपाल. षोल्याई. पुरुव. पश्चिम् का. दुनिञां. हात गरि. नेपाल. लियाथ्यां.

॥ उप्रान्त ॥ यो राजे दुई. ढुंगा को. तरुल जस्तो. रहे छ. चीन वादसाह. सित. ठुलो. घाहा. राष्नु. दषिन को. समुन्द्र[4] का. वादसाह. सित घाहा ता राष्नु. तर. त्यो महाचतुर छ. हिन्दुस्थाना दवाई. राषे छ. सरजिमी[5] मा परि रहे छ. हिन्दुस्थाना. जाम्यो[6] भन्या. कठिन् पर्ला. भनि. किल्ला षोजन आउन्या छ. सन्धी. सर्पन्. हेरि. गढि तुल्याई राष्नु र. रस्ता. रस्ता मा. भाजा हालि. राष्नु र. यक दिन.

---

१– लगी । २– पछाडी । ३– शुद्ध । ४– अंग्रेज । ५– समथर भूमि । ६– हिन्दुस्थानका राजा प्रजा आपसमा मिलेर जमे भने ।

त्यो बलै[1] आउन्या छ. जाई कटक्[2] न गर्नु. भिर्का कटक् गर्नु र. चुरे घाटि मा. षुपै काटि-न्या छ. पाच. सात. पुस्ता लाई. षजना. पनि. मिल्ने छ. श्रीगंगाजि को. साथ पनि लाग्नै छ. लडाई मा पुकेनें[3] भन्या. लोलो. पोतो. अने-क. कल. छल. गरि. कन पनि. यो नेपाल को. तपत किल्ला हो. यो किल्ला पायो भन्या. चारै वादसाह[4] लाई. वहाला. लाउनै छ. इस्वर ले रचना गर्‍या को. किल्ला रहे छ. स्वधनु पर्नै रहेन छ. सिवपुरि. १ फुल्चोक् २ चन्द्रागि-रि ३ महादेउ पोषरि ४ पालुं ५ दाप्चा ६ काहुल्या ७ ईन मा पनि किल्ला पकी. वना-उनु किल्ला पिछे तोप लमछड् गरि. राषी दिनु र. जति. भन्ज्यांई छन्. भज्यां पीछे. यक. यक. फलामे ढोका. वनाई. ढोका पिछे. यक

---

१– सेना। २– लडाइ। ३– पुगेन = सकिएन। ४– परिशिष्ट।

यक. तोप लमूछद् गरि. राषी दिनु र. पपांच. सिपाहि. राषी दिनु र. यस्व भया. पछि. चेवा गर्न्या. चर्चा गर्न्या. भागन्या. नास्न्या. दुकुवा. फसादि. षुनि. यस्ता हरु को पनि केही. चल्ने छैन. चारै. वादसाही. चढाई गरि आयो. भन्या पनि कसै को. केही चलन्य. रहेन छ.

॥ उप्रान्त ॥ राजा रामसाह ले. वाध्या को थिति पनि हेरि. सके. राजा. जयेथिति-मल्ल[1] ले वाध्या को थिति. पनि हेरि. सके. राजा. महिन्द्रमल्ल[2] ले वाध्या को थिती पनि हेरि सके. इस्वर[3] ले दियो भन्या. म पनि. यस्ता वन्देज को. वाँह[4]. हजार को. थीती वांधि जाला. भन्न्या अवीलाषा. थीयो. पुरुव[5]. पश्चिम् को. रस्ता. वन्ध[6] गरि. नेपाल को रस्ता चलाई. दिउला. आफ्ना. अना जात. विसेष[7] को.

१– जयस्थितिमल्ल। २– महेन्द्रमल्ल। ३– ईश्वर। ४– परिशिष्टमा। ५– वंपू पश्चिम। ६– परिशिष्टमा। ७– विशेष।

कर्म गर्नु. ( भन्ने ) भन्देज गरि जाला. यो तिन सहर. भन्या को. त्रिस्व[1] ढुंगो रहे छ. पेल पाल. मात्रै. ठुलो रहे छ. कुप को पानि षान्या छेउ. वुंधि[2] पनी हुदैन. सुरो. पनि हुदैन. पेल पाल. मात्रै रहे छ. मेरो. मनसुवा ता. दहत्तोक मा. दरवार. वनाउला र. चारै दिसा. थर. घर. को. गुरु प्रोहित भैयाद. भारादार. मिर उमराउ को. घर वनाई. छुट्टा. दरबार. वनाउला र. ई तिन सहर. मा ता. दरवार. वाट. स्वर्ष[3] सयल. लाई मात्रै जाला भन्न्या यस्तो. अविलाष थीयो.

॥ उप्रान्त ॥ देस का. माहाजन् लाई. गोडँ[4] प्रसाह. देषी. उभो आउन. न दिनु. देस का. माहाजन्. हरु. हाम्रा. मुलुक मा. आया भन्न्या. दुनिञां कंगाल गरि छाड्द-

---

१– परिशिष्टमा । २– बुद्धि । ३– सोख । ४– परिशिष्टमा ।

छन्. हामी ले. च्यागा[1]. पांगा. लाई तिन.
सहर. नेपाल र. नौलाष. किरायत[2]. र. हिन्दु-
पति को राज. आर्ज्य. थ्येउ. देस[3] का. कपरा.
लगाउना. लाई. मह्नाई[4]. गरि दिनु. आफ्ना
देस का. कपरा. वन्न जान्न्या लाई. नमना
देषाई. सघाउनु र. वन्न लाउनु र. यस्व[5]. भया.
नगद विदेस जादैन. आफ्ना. देस को. जिनीस्.
जरि. वुटि. देस लै जानु र. नगत षैचनु. नग-
द षैचि राषनु र. प्रजा मोटा भया. दर्वार[6].
वलियो रहन्छ. राजा का. भंडार. भन्न्या का.
रैतान हरु हुन्. मुलुक मा. ईजारा[7]. पनि न
दिनु. सर्षार. वाट. अमानिर्त[8]. राषि. सर्षारिया
तहसिल्. राषी. साल. व साल् को. कर्चा[9] लिनु.
क्या चुनी सिपाई भया. क्या भैभारादार.
भया. इन लाई. दवलथ[10] कामाउन. न दिनु.

---

१– परिशिष्टमा । २– किरात । ३– परदेश । ४– निषेध । ५– यसो ।
६– स्वराज्य । ७– ठेका । ८– अमानत । ९– लेखा बुझनु । १०– परिशिष्ट ।

आदमी हुरि. हुर्मत[1]. मात्रै. राषी दिनु. क्यान भनौला. दवलथ्. माथा का ले. तरवार मा. पसि मर्न. मार्न. सकैनन् र. हरिपं[2] को. चमक हुन्छ . सिपाहि. मै. भारादार. ले. स्वष गरे. नन् भन्न्या . चारै षुट् मा. मेरो. तरवार. वजनै छ . स्वष मा . पसो भन्या. मेरा. साना दुष ले आर्ज्या को . मुलुक होईन. सबै जात[3] को. फुलवारि हो. सबै लाई. चेतना. भया . यो फुलवारि को छोटा. वडा. चारै जात. छतिसै वर्न ले यो अँसिल्[4]. हिन्दुस्थाना हो. आफना कुलाधर्म. न छोड्नु. ष्वामिन्[5] को नुन् को उधार गर्नु. कालु[6] कवर्दार का. सन्तान लाई. कवर्दारि. न छुटाउनु. दषिन को. घाहा. सिवराम. वस्न्यात् का . सन्तान लाई. न छुटाउनु. भोट को . घाहा . कालुपाडे का .

---

१– सम्मान । २– शत्रु । ३–परिशिष्टमा । ४–खास हिन्दुस्थान शुद्ध हिन्दुहरुको निवास स्थान । ५–राजा । ६– परिशिष्टमा ।

सन्तान लाई . न छुटाउनु · पाडे . वस्न्यात् · पंथ · भैयाद . मग्र. लाई. मारातप[1] दिदा · आलो पालो पालो गरि · षान दिनु · ई मेरा. नुन् · गुन् . का · स्वभा[2] सेवक हुन् · ईनी हरु को जीव जान्या विराम · गन्या को . भया पनि . आफुले न मार्नु · वरु . मारातप दियेर · लडाञी मा भोसि दिनु र · जिव जोगाई आयो भन्या · वढिया भयो · मरि गयो भन्या . आफुले मार्नु . अकैं वाट मारि · दिया को वढिया हुन्छ · तव . राजा ले · सेवक लाई . घर मा न मार्नु · तव · राजा ले · ठुलो . निञा निसाफ · हेर्नु · अन्याय . मुलुक मा हुन · न दिनु · निञा निसाप विगान्र्या · भन्या को · घुस् दिन्या र · घुस षान्या · ईन दुई को ता · धन जीव · गरि लिया को पनि · पाप छैन · ई राजा

---

१– अधिकार । २ –सोभा ।

का महासंतुर[१] हुन् ·

॥ उप्रान्त ॥ जढ कुरो. राजा. लाई चाही-न्या सिपाहि· हरु को· घर. षेत्. मिलाई· दिनु र· मल· जल· गर्छन् र· दुवौ[२]· वोटि· भित्र· हाल्न· पाउछन् र· कविला को. निर्फिक्री[३]· हुन्छ· ढोका मा· भया· पनि· गौडा मा भया. पनि. सिपाहि हरु को छाति वलियो रहन्छ· पर्जनि[४] गर्दा मा पनि. सये नाल का· कम्पनी जमा-उनु र· सये नालँ[५] का. सुवेदार. चार· पाच· लड़ाञी मा जस पाई· आया का यस्ता आफु लै[६]. जाचि. सुवेदार· हाल्नु · सुवेदार· ले . पनि· सातँ[७] पगरि· दुई. चार. वाढ़. षाया का· यस्ता· सात पगरि हाल्नु· सात पगरि ले स्वह· हुदा[९]. हाल्दा. आफु सित· मर्नै· मार्न्यै· जाची! १६

---

१—राज्यका महाशत्रु । २—परिशिष्टमा ३—निश्चिन्त । ४— सञ्चालन । ५— बन्दूक । ६— ले । ७— परिशिष्टमा । ८— दुइ चार लडाइमा चोट लागेका । ९— हवलदार ।

हुदा· हाल्नु. १६ हुदा ले पनि. आफु· सित· मर्नै· मार्न्य· नाची· सिपाही. हालि· आफ्ना आफ्ना. पट्टि. भर्ना गर्नु. पट्टी पट्टि. मा· सि-पाहि पनि. षस्. मगर· गुरुं· ठकुरि. ईनै चार. जात. मात्रै. षिचोला[1] गरि. हालनु. र· तर्वार. पर्दा· साह्रो हुन्छ. लुहा चथापन्या[2] पनि. यिनै· चार· जात· मात्रै हुन्· र तरवार पर्दा. साह्रो· हुन्छ र· वैरि त· क्या· इन्द्र को. आसन्· पनि· डगाइछ. हजारौं. धना. हजारौं. पथर्काला[3]. ह-जारौं. षुडा. हजारौं· तोप. भया. इन्द्र को· आसन पनि. डगाईछ. लड़ाजी मा पनि. हान्या र. सर्ष[4] दिन्या. इ. दुवै. वरोवर हुन्· जागिर दिदा· पितल[5]. दिदा· दुवै लाई. वरोवर. दिनु· मन्यो भन्या· उसका छोरा· षुडा· हान्न्या· न

---

१– मिसायेर । २– शस्त्र सञ्चालनमा समर्थ । ३– पत्थरले चलाउने बन्दुक । ४– सगाउने । ५– वितलप = तिरो न लाग्ने विर्ता (बीरता) ।

हुन्ज्याल्. मरन्वद्. दिनु. षुड़ा हान्न्या भया पछि.
जागिर मा उकालि दिनु र. राजाले विवेक.
राषी दिया. देस देसका सिपाहि पनि आसा
राषी आउन्छन् र. यस्व भया. तरवारीया सि-
पाहि. हात लाग्छन्. राजाका सार भन्या को.
सिपाहि र. रैति. हरु हुन्. राजा चतुर भया.
सिपाहि र. रैति. हात हात गरि राष्नु र.
हुल्[१] कुल्. हुन पांउदैन. सिपाहि भन्या को.
तिषारि. राषनु. तिषारि. राष्या. का. सिपाहि क-
सैका. मलाजा[२] मा. पस्तैनन् . र. आफ्नो काज
फत्य हुन्छ. गुरु. मगर. षान. जादा. भैयाद.
भारादार. मिर. उमराउ. थर. घर. पुराना.
पुराना. जाची. घुंड़ा[३]. गौंडा. मा. राषनु पुर्व.
पछिम्. का षमन्वाहुन्[४]. लाई. दरवार मा. पैठ्
हुनु न दिनु. क्यान. भनैला. वाहिडा मा-

१– विद्रोह । २– पक्षपात । ३– आफूसंग । ४– परिशिष्टमा ।

न्छ्याले. दरवार मा. विथिति. गराउ छन्. राजा को हुकुम्. जफत[1] गरि राषनु. भैले. तिं थुम्[2] का. वहहा. उमराउ लाई. इन्द्रवज्र तुलाइ राष्या थ्या. नगरा. निसान. पनि दिई राष्या थ्या. वाह विसं[3] को. गाडो वावी(नी)दिया को थियो र. सल्ल्यानि. लिग्लीग्. धादिं. का मुहुडा मा. जाहा जाहा. काज गर्थ्यो. फत्य गर्थ्या. र. यो अैस्वर्जे गऱ्या को हो. आफ्ना. घर का पुराना सेवक. जाची हजूर मा. हरोदम् राषी. दरोवस्त. वाधि. घर. वलियो राष्नु. यस्व भया. दरवार वलियो रहन्छ. राजा को चतुराइ माया. सिपाही. रैति हात गरि. राषनु कसै[4] का. मलाजा पछि. गुँण पछी. लाग्नु न दिनु. नुन् पछि लाउनु.

॥ उप्रान्तः ॥ टकसार[5]. पनि. चोषो चलाउनु. अदालथ मा पनि. टकुरि[6] जाचि दिष्टा.

---

१—आफ्नै हातमा अटल । २—परिशिष्टमा । ३—२४०। को खानगी ।
४—घुस । ५—परिशिष्टमा । ६ - परिशिष्टमा ।

राष्नु. मगर जाचि. विचारि. थाप्नु. कचहरि पिछे. यक् यक्. पण्डीत. राषी. निआ. सास्त्र. वमोजिम्. अदालत. चलाउनु. अदालत. का पैसा. दरवार भित्र न हाल्नु. फकीर. फकिड़ा. अतित. जोगि. सन्न्यासि. ब्राह्मण. हरु. इनै लाई. दछिना[1]. भोर्जन. चलाई. दिनु. उँप्रे[2] का पैसा. दच्छिना. चलाई. धोति. रुमाल्. चलाइ दिनु. यस्व भया. असत्य. को. दोस् लाग्दैन. पानी भया का. ठाउ मा. गाउ भया पनि. गाउ अरु जग्गा मा. सारि कन पनि. पानि चलाउनु. गह्रो वन्न्या. जग्गा मा. घर. भया पनि. घर अरु जग्गा मा. सारि. कुलो काटि. षेत वनाई. अवाद गर्नु.

॥ उप्रान्त ॥ केही वेलामा. हात दिनामा पस्या र. म लाई. झिकाया र. पछाड़ी दगा

---

१– दच्छिणा भोजन। २– उब्रेका।

दिया र. महादुष गरि. पछाड़ि सुद्ध गरि ने-
पाल. लाई मुर्चा. लाञा थ्या. जयप्रकासमल्ल का.
मतलप् लाई. दषिन वाट नागा[१] झिकाया र.
नेपाल भित्र. पस्न. न दि. सात गाउ भित्रै मा.
भिजाञां. कास्मेरि[२] षान्. नवाफ. मकवानपुर
मा चढ्यो र. छअविस्[३] षोडा ले काटि. घर्काई.
सिवाना. कटाई आञां. तिन. चार. पल्टन्.
लियेर. सिडुलि गढि मा. हाँडीसाहेव[४]. चढ्यो र.
वा. बाहीं[५]. पनि काटि. पथर्काला. च्यापि ल्याञां
र. लषनै वाट. तिन्. मुसल्मां मेरो चाकरी.
लाई. नुवाकोट. मा पिछा परि. अयाका थिया.
ईनै वन्दुक को. तुल[६]. कलायेत. तिनै. मुसर.
मानले जान्या को रहे छ र. सेषजर वर. मम-
तकि. भेषासिं. तिनै जना लाई. अजिटनी.

---

१– परिशिष्टमा। २– कासिम अली। ३– एक सय बिस खाँडा। ४– मेजर किनलाक्का साथमा आयेको प्रबन्धक निजामति अफिसर हार्डि। ५– लखनउ। ६– सञ्चालन कौशल (तुल कलामत ठ्याक्कुक् ठ्याङ्)।

दिया र. तिलङ्गाँ. सधाया को हो. नेपाल को. कितापँ[२]. हेर्दा. तुरकानाँ[३]. मंग्रात्. मुग्लाना. हुन्या रहे छ र. तुरकाना. अघि भइ गये छ. मगरात्. को राजा. मै हुं. मुग्लाना को. दोष मेटना लाई. आधाँ[४] थुम. मेटी. कंपनी. जमाया. को हो. आधा षुडा. आधा पथर काला. वना-या को हो. सहे. नाल का. कंपनी ले. छरितो हुन्छ र. यस्व भया. सये नाल का. कंपनी ले. हजार. जवान् लाई. पाउछ. किल्ला किल्ला पिछे. यक्. यक्. कंपनी राषी. गेर्षा[५]. वाडी. दिनु र. जगेराँ[६] वाधी. भरि. राषनु.

॥ उप्रान्त ॥ म लाई. यवटा कुरा. को संधँयह[७]. लागि रहे छ. कुन्कुरो भन्या. मुग्ला-ना. नजिकै रहे छ. त्यस् जग्गा मा. छोकर्डा[८].

---

१– परिशिष्टमा । २– वृत्तान्त । ३– परिशिष्टमा । ४– परिशिष्टमा । ५– थुम् । ६– शेषभूमिको तिरो भरि राख्नू । ७– सन्देह । ८– पात्तर केटा ।

पंत्रीया रह्या छन्. चित्रकार. भन्या का. कोठा मा. ढोलक्. सितार. राग. तान. मा. भुल्नन्. राग तान् मा वडो ठुलो. मोहो हुन्छ र. दवलथ. पनि. षोलिन्छ. देस को. भेद. पनि. तिनै. ले. लै. जान्छन् र. हरिप ले दगा. गर्छ. राग को. अभ्यास्. पनि. कसैले न गर्नु. तिन जात- लाई. पहाड. आम्. फदरफ². पनि. कसैले न षोल्नु. अथवा. फागु लाई. यक् दुई. गरी झिकि. चाडै विदा.गराई. दिनु र. देष को. भेद पनि. पाउदैनन्.आफ्ना. स्वष सयले. लाई ता. सास्त्रवमोजिम्. को. तिनै सहर नेपाल को. नेवार हरु को.नाच.झिकाई. हेन्या पनि. हुन्छ. यिन मा ता. दिया पनि.आफ्नै. देस मा.रहन्छ. यस्व भया. आफ्नु देस. ग म नं³. रहन्छ ॥ ॥

( नेपाल केलटोल मानमन्दिर गोर्खाली वडावीर शिवराम सिंह बस्न्यातका वंशधर बखतमान सिंह बस्न्यात को १५० वर्ष पूर्व लिखित जीर्ण प्रति बाट सम्पादित )

---

१– पात्तरहरू। २– आवत जावत। ३– सुरक्षित। परिशिष्टमा पनि।

## ( काष्ठमण्डपका राजा महेन्द्रमल्ल को स्थिति )

प्रजा हो, हाम्रा छिमेकी पुकाटोल छावाहाल रैति थकाली मान्या १४ टोल गोचा गुभाजु मान्या झा कीर्तिकान्त सुर्जेखु इञ्जोल कौचा देउभाजु उपाचा ब्रह्मनसिं उपाध्याय सवै २६ टोल वस्या, क्या गरि नेपाल मा अनिकाल असिना न पर्‍यां हो. भन्या सभा वस्या. अथ काली ब्रह्मचर्य तान्त्रिक ( व ) स्या. पुरश्चरण गर्दा यो थिति महाराज महेन्द्र मल्ल लाई आधा रात्रि शुक्ल पक्ष मा तलेजु मा बाट स्वपना भये. प्रजा मा जुवा न खेलनु. सधै प्रजा को हित गर्नु सच्चा बोलनु. टोल गाउँ को कचहरि गाउटोलै मा विलाई दिन्या गर्नु. कचहरि गाउ टोल को यौटा पक्का तवर्को थकाली मान्या वसी अन्याय को न्याय पार्नु. ढिकि जातो लुगा बुन्ने तान ढुकि कैह्ल पनि खाली न राखनु. पटासि घर बुना खाड़ि कोरा यौटै किसिम वाट न बुन्या अनर्थ हुन्या छ. पाला सन्दानी चिराख को लागी वन मा गै देवदारु वाट वालनु र कपड़ा वन्दै लग्या पछि कागत जस्तो मिहीं र सफेत कपड़ा हुन्या छ. तेसो भया पछि अरु गावल का र मधिसे राजा हरु लाई विक्री गरी धनी हुन्याछौ. अरु राजा हरु भया छेउ मुलुक मा नौला भनाउदा काम सिकि भांडा

वर्तन को काम हरु सिकि काम चोरी ल्याया मा आफ्नो मुलुक को धाक र प्रजा को खाफ् वढने छ. काम गर्दा हुदी राज्य राज्य मा गुप्तचर गै नौला किसिम का काम हरू सिकि आउनु. काम सिकन जादा थाहा पाई कैद गर्‍यो भन्या आफनु मुलुक को गुह्य कसै लाई न भन्नु. मारे मर्नु. आफ्ना रुड़ि वुड़ि वुढ़ा पाका कुलले गर्‍या का राखे का धर्म न गुमाई चोखो काम हरु सिकि ल्याउन्या गर्नु.

अर्को थिति. भयाली पिटाई दिन्या छु. राज्य भर मा आधा दिन देखि कसै ले भोको न वस्नु. मैले तिमि हरु को भात खाया को खवर ली आफु खान वस्दा पेट मा वतास भरीई मुख वाट अमिलो पानी आउन्या अजीर्ण को व्यथा भयो. त्यसो भये का ले राज्य भर वेहान ६।१० घडि दिन भित्रै सवै ले भात खान्या गर्नु. वेलुका ८ घडि देखि १० घडि भित्रै खाई सकनु. १० घडि वाट १ निमेष नाग्यो कि घण्टा वजाई दिन्या गर्नु. कोही ले न मान्या सजाय गर्नु. प्रजा भौकै भएछ भन्या त्यस दिन को पाप को डंड टोल को थकाली मान्या हरुले भोगन्या छन्.

( इत्यादि अपूर्ण. नेपाल वाग्मेश्वरवासि काजी अमरसिंह थापा का वंशधर श्यामकृष्ण थापा वाट प्राप्त )

( यथालब्ध प्रकासित )

# परिशिष्ट

( पृष्ट ३ ) एकदन्ता हात्ति र नवलाषि हिराको हार— दिग्बन्धनसेन की बहिनी श्रीइन्द्रकुमारीसंग मकवानपुरमा श्रीपृथ्वीनारायणसाहको विवाह हुदा कन्यालाई पहिराएका गहनाको नाम गोर्खावंशावलीमा चन्द्रहार लेखिएकोछ ( पृ. १२६ ) त्यस चन्द्रहारले सो ठाउं उज्यालो हुदा दीप जलाउनु परेन भन्ने पनि लेखिएकोछ। पृथ्वीनारायणसाहले भनेको नवलाषि हीराको हार यही होला। 'नवलाषि' भन्ने एक पारिभाषिक शब्द हो। यसको अर्थ बहुमूल्य हो। कन्यादानका साथमा लगाएको यो हार दुलहीलाई दाईजो दिन दिग्बन्धनसेनले स्वीकार न गर्दा, उसै समय खल बल भै पृथ्वीनारायणसाह रित्तै फर्कनु भएको थियो। एकदन्ता हात्तीमा सम्भवतः दुलहीलाई अन्माएका थिए। पछिबाट त्यसका सट्टामा साधारण हात्ती दिएका थिए। यस प्रकार एकदन्ता हात्तीका विषयमा पनि विवाद चलिरहेकै थियो।

( पृ. ३ ) थर घर— श्री ५ द्रव्यसाहलाई गोर्खामा राज्यस्थापना गर्नामा पसेका भारदारहरूमा गणेशपांडे, नारायणदास अर्ज्याल, भगीरथ पन्थ, गङ्गाराम राना, सर्वेश्वर खदाल र केशव बोहोरा यी छ थर मुख्य थिये। इनका सन्तानमा एक २ जना राजसभामा र युद्ध आदिमा राख्ने गोरखाली राजाहरूको नियम थियो। इनी छ थरकहिन्थे। बोलचालमा थरघर भनिन्थ्यो।

( पृ. ५ ) बाइस् चौबिसी— उस समय शल्यानादेखि ब्रभाङ् सम्म २२ राज्य र लमजुङ् तनहूँ देखि प्यूठाना सम्म २४ राज्य थिए। गोरखालीहरू यीनलाई बाइसी चौबिसी भन्दथे।

बाइसी राज्यहरू:— जुमला– रुकुम– शल्याना– मालनेटा फला-बाङ्– गुर्भाकोट – दाङ – छिल्ली – । जाजरकोट – जाहारी रोल्पा – बाँफी – । दुल्लू– दैलेख – गोताम – । आछाम– बिमकोट मुसिकोट– ( पल्लो ) दर्ना– बफाङ्– बाजुरा– थलहरा ।

चौबिसी राज्यहरू:– लमजुङ्– कास्की–नुवाकोट–सतहुँ –गरहुँ – भिरकोट – ढोर – पैयूँ । तनहुँ – रिसिङ् – घिरिङ् – गजरकोट – । पालपा – गुल्मी – अर्घा – खाची । पर्वत – गलकोट – मुसिकोट – धुरकोट – इस्मा । प्यूठाना – खुमरी – बिमरी ॥

(पृ. ८) शास्त्रमा पनि कहेकोछ– मनुस्मृति (७-५४) अनुसार सात वा आठ मन्त्री आवश्यक थिए ।

मौलाञ्छास्त्रविद: शूराँल्लब्धलक्षान् कुलोद्गतान् ।
सचिवान् सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान् ॥

कामन्दकीय नीतिसार (४-२५) अनुसार राजा र प्रजाका प्रेमपात्र भएका मन्त्री आवश्यक हुन्छन्—

कुलीना: शुचयः शूरा: श्रुतवन्तोऽनुरागिण: ।
दण्डनीतिप्रयोक्तार: सचिवाः स्युर्महीपते: ॥

महाभारत शान्तिपर्व (८५-११) अनुसार मन्त्रीहरूले आफ्नो नीति प्रजाका सामुन्ने राखेर उनको स्वीकृति लिनु आवश्यक थियो—

अष्टानां मन्त्रिणां मध्ये मन्त्रं राजोपधारयेत् ।
तत: सम्प्रेषयेद्राष्ट्रे राष्ट्रियाय च दर्शयेत् ॥
अनेन व्यवहारेण द्रष्टव्यास्ते प्रजा: सदा ।

यिनै प्राचीन राजनीतिशास्त्र अनुसार रामसाहका समयदेखि गोरखामा वैध शासन चलिआएको हुनाले पृथ्वीनारायणसाहले प्रधान मन्त्री नियुक्त गर्दा प्रजाको अनुमति लिएको देखिन्छ ।

(पृ.६) विराज वषेति— पृथ्वीनारायणसाह संग काशीयात्रामा सफल परिश्रम गरेका हुनाले इनलाई मन्त्री गराउने इच्छा हुनु स्वाभाविक थियो। तर निरङ्कुश शासन न हुनाले र प्रजाले न पत्यायेका हुनाले कालुपाँडे लाई मन्त्री वनाउन बाध्य भये।

(पृ.१०) गौटान्को विराइ—गोरखा देखि पर लमजुङ् देखि वर दरौंदी पारि चेपेवारि लिगलिग कोट का वरिपरि गोपलिङ् खोपलाङ् भुशुण्डी छोप्राक् आपपिप्पलभञ्ज्याङ् मिरकोट र गाइखुरे आदि ठाउलाइ गौटानको विराई भनेको हो। खावाको अर्थ खाइ हो।

(पृ.१०) वराहा उमराउ—चौविसी राजाहरूले राज्य का सीमा-नामा गढी बनायेर अध्यक्ष वा अमीर राखने गरेका थिये। इन को पदवी अमीर शब्द को बहुवचन उमराउ चलि आयेको थियो। गढी का आस पास का जग्गा खानगीमा दियेर सैनिक भर्ना गर्ने अधिकार इनलाइ थियो। उमराउहरू स्थायी रूपले रहदा भ्रष्टा-चार पनि चल्दथ्यो। यसै कारणले पर्वत का राजा कीर्तिवम मल्लले आफ्ना भारधार लाई एक पत्रमा शोधे का थिये-'उमरा हरुले कटक गर्न्या वल ल्याया को छकि देश बुझाउन्या वल ल्याया को छ त्यो याद पनि गर' स्थायी उमराउहरूमा यो दोष हुने देखेर पृथ्वीनारायणसाहले प्रत्येक वर्ष परिवर्तन गर्ने नियम गरेका थिये।

(पृ.१४) लाषिविषि— सैनिक सहायताका सट्टामा पहिले एक लाख विस रुपैञा दिने नियम थियो। यतिको रुपैञा छोटा मोटा राजाहरू दिन समर्थ थियेनन् ता पनि जति दिये पनि लाखविसि भन्ने परिभाषा बनेको थियो। यो कुरा वंशा-वलीहरुमा पनि पाइन्छ।

(पृ.१६) चारै वादसाहि—भारत चीन रूष र रूम संग अभि-प्राय होला ।

(पृ.१६) शिवपुरी...... काहुल्या—पहिले राजधानी को रक्षा अत्यावश्यक हुनाले उपत्यका का वरि परि का डाँडामा चार दिशा पट्टी शिवपुरी फुलचोकी चन्द्रागिरि र महादेवपोखरीमा किल्ला (गढी) बनाउने निर्देश गरेका र यहाँ पछी उपत्यका देखि निकै टाडा रहेका पालुङ् दापूचा र काहुल्यामा किल्ला बनाउने निर्देश गरेका हुन् । यी ठाउ नाकामा परेका हुनाले गढ बनाउन योग्य थिये ।

(पृ. १६) फलामे ढोका— नाकाका गढीबाट वार पार गर्ने ठाउमा जो फलामे ढोका राखियेका थिये । तिनमध्ये सिन्धुली र चिसापानीका गढीका ढोकाहरू श्री ५ राजेन्द्रविक्रमसाहका समय सम्म रहेको उल्लेख यदुनाथ पोखऱ्यालले यसरी गरेका छन्—

पल्टन् कोत निवास् उदैपुर गढी गढ् मत्स्यरेखा पनि ।
पौवा गढ् सिँधुली महाँ तखतमा किल्ला त पक्का बनि ॥
पत्थरको गढ त्यो उचाइछ अती ढोका फलाम्का तहाँ ।
लाषौं वैरि निपात् हुन्या छिनमहाँ यस्तो वषत्को कहाँ ॥६॥
चीसापानी गढी बढी तषतमा ऊँचा पऱ्याको अति ।
शीशागढ् भनि नाउँ चौघुट महाँ प्रख्यात् न जान्नू गति ॥
किल्ला जञ्वरमा समूर्चल अती लोहाकि ढोका तहाँ ।
पान्हो अमृत पानि पश्चिमदिशा गढ् स्वर्गवास् लेक् महाँ ॥८॥

(पुराना कवि र कविता)

(पृ १७) बाह्रहजारको थिति–पहिले गोरखामा बाह्र हजार घर हुनाले राज्य भरको घर संख्या बाह्र हजार मानियेको थियो । राज्यवृद्धिका साथ घरका संख्याको वृद्धि हुदै जादा पनि लागु हुने गरि बाह्रहजार भन्ने शब्द एक परिभाषा

बनेको थियो। पृथ्वीनारायणसाहका अन्तिम समयमा राज्य भरको घर संख्या पुग न पुग तीन लाख भयेको हुदोहो ता पनि बाहहजार भन्ने पारिभाषिक शब्द प्रयोग गरेको देखिन्छ।

(पृ.१७) रस्ता वन्दगरि– भोट र बङ्गाल विहारको व्यापार मुख्य गरि नेपाली महाजनका हातमा थियो ता पनि मुगला-नाका सन्न्यासी र वैरागीहरू पूर्व पश्चिमका मुख्य हिमालयका घाटाबाट लुकि छिपि व्यापारी माल लैजान्थे। यसबाट नेपाली व्यापारीको हानि भैरहेको हुनाले सन्न्यासी वैरागीको कालो बजार वन्दगर्ने पृथ्वीनारायणसाहको उत्कट इच्छा देखिन्छ।

(पृ.१८) चिस्व ढुङ्गो– उस समय ढुङ्गो शब्द राज्यका अर्थमा व्यवहार हुन्थ्यो। चिसो ढुङ्गोको अर्थ सेलायेको वा फुर्तिन भयेको राज्य हो।

(पृ.१८) गोढप्रसाह— शु. रू. गढ पर्सा। पर्सा चिल्लाका लग अग माझमा पारसनाथको मन्दिर छ। इनै देवताका नाम-बाट जिल्लाको नाम रहेको र यसमन्दिर देखि थोरै पूर्व पट्टी पर्सा गढको खण्डहर अचेल पनि पाइन्छ। यसैलाई गढपर्सा भनेको हो। यहाँदेखि वाहिरी तराई समाप्त भयेर चुरेको जङ्गल सुरु हुन्थ्यो। बाराजिल्ला पट्टी यस्तै नाका वारागढीको खण्डहर पनि पाइन्छ। गढपर्साको अर्थ यस्ता सबै गढी सगं सम्बन्ध राखतछ।

(पृ.१९) च्यांगा पांगा—स्वदेशी घरबुना लोग्नेले लाउने सेतो खाँडी कोरालाई च्याँगा र हर्रो मजिठो पाँगामा रंगायेका स्वास्नीले लाउनेलाई पाँगा भनेको हो। भाङ्रा पाखी खाँडी कोरा मोटा खस्रा जस्तै भये पनि स्वदेशी को नै व्यवहार गर्नु भन्ने अभिप्राय हो।

(पृ.२०) सबै जातको फुलवारि हो– यहाँ सबै जात भनेर सम्पूर्ण

प्रजालाई लियेकोछ । सबै प्रजाको यौटै फुलबारी मानेर पृथ्वीनारायणसाहले उदार विचार थामि लोकतन्त्रको भावना जगाई राखेको देखिन्छ ।

( पृ. २२ ) दुवौ वोटि-शु. रू. दुबैबोटि । अर्थात्, मोहीबोटि र तलसिं बोटि । कविलाको अर्थ हो परिवार । ढोकाको अर्थ हो राजधानी ।

( पृ. २२ ) सात पगरि—अनुमान गर्न सकिन्छ कि, जमादार, सार्जेङ्, निसान, अजिटन, भाट, पुरोहित र वाजा नाइक्या होलान् ।

( पृ. २५ ) षसबाहुन— क्षत्री र ब्राह्मण । पूर्व पश्चिम भन्नाले आफ्ना राज्यदेखि बाहिर पूर्व पश्चिममा रहेका ।

( पृ. २५ ) तिन थुम— लिग लिग, शल्यान र धादिङ्का गढीहरू बलियाँ भयेर पुराना राज्यलाई डगून नदियेकाले राज्य बढाउन सजिलो भयेको हो भन्ने वाक्यको सारांश हो ।

( पृ. २५ ) टकसार पनि चोषो चलाउनु— मल्ल राजाहरूका टक शुद्ध चाँदीका ढालिन्थे । खाली चाँदीको मोलमा र टक मारेका चाँदीको मोलमा अन्तर रहँदैनथ्यो । जयप्रकाशमल्लले अलि र गरि अरू धातु मिसायेर चाँदीका टक ढालेका थिये । पछि र कसर ज्यादा बढाउदा खराब देखिन लागेका थिये । पृथ्वीनारायणसाहले शुद्ध चाँदीका आफ्ना नामका टक चलाउँदै गरि खराब टकहरू चलनमा आउन रोके । खराब टकहरू भोटमा ज्यादा पुगेका र तिनको चलन नेपालमा रोकिदा भोटसंग कलह चलेर वि. सं. १८४६ का चीन युद्धका समाप्ति पछि त्यो कलह शान्त भयेयो थियो ।

पृ. २५ ) ठकुरि जाची डिट्ठा राषनु— उस समयमा ठकुरि र मगरहरूमा स्वार्थी पन कम रहन्थ्यो र द्रव्यका लोभी हुँदैनथे । यसै कारणले घुस न चलोस् भनेर इनलाई अदालत सौंपने काम पृथ्वीनारायणसाहले गरेका थिये ।

( पृ. २७ ) नागा भिकायाा र—नागा भिकाउने रणजितमल्लको नाम पृथ्वीनारायणसाहले न लिई उनको सम्मान राखेका हुन् । पृथ्वीनारायणसाहले गुरु मानेका गुलाबराम वैरागी उनसंग असन्तुष्ट भै जयप्रकाशमल्लसंग मिलेर ५०० । सय नागा वैरागी लाई हतियार दी गोरखालीको घेरा उठाउन सिधुलिको बाटो गरि भक्तपुर तिर पठायेका थिये ।

( पृ. २८ ) तिलंगा— अंग्रेजहरूले पहिले तैलंग देशमा युरोपीय शैलीसंग जो सैनिक तैयार गरेका थिये ती सैनिक बंगालमा आउँदा बंगालीहरूले तिनलाई तिलंगा भनेका हुनाले यो नाम बन्दूक धारी सैनिकका निमित्त रूढि नाम बन्यो ।

(पृ.२८) तुरकाना-पहिले भारतमा आक्रमण गर्ने महमूद गजनवी तुर्क थियो । तेस कारण पछिका अफगान र पठान आक्रमणकारिहरूलाई पनि तुर्क भन्ने चलन चल्यो । पन्ध्रौं शताब्दीका आरम्भमा बंगालका बादशाहले नेपालमा गरेका आक्रमणलाई यहाँ तुर्काना कहियेको छ ।

( पृ. २८ ) आधा थुम् मेटि— पृथ्वीनारायणसाहका राज्यमा थुम २ मा उमराउका अधीनमा सैनिक रहन्थे । उनले इ सैनिकलाई आधा मात्र थामि शेष आधा सैनिकलाई बन्दूकधारी कम्पनीमा परिणत गरायेका थिये । मुगलका राज्यबाट आयेका बन्दूकले पनि शासन चलायेका हुनाले मुगलका अधिकारको दोष मेटियो भनेका हुन । सैनिक शक्ति बढाई अजेय हुनु पर्छ भन्ने अभिप्राय हो ।

( प. २६ ) गमन— गमनको अर्थ गम्भीर गम खाने खदिलो हो । राज्यको धन वाहिर नगयेमा धन धान्यले पूर्ण भै फलने फुलने कुरा स्वाभाविकै हो ।

---

सम्पादक— योगी नरहरिनाथ ऐ. शि. म. बाबुराम आचार्य ।

## श्री पृथ्वीजयन्ती समारोह समिति

फत्यजङ्ग पराक्रम साह, अध्यक्ष
बाबुराम आचार्य, उपाध्यक्ष।
चित्तधर उपासक, उपाध्यक्ष।
नरबहादुर गुरुङ्ग, कोषाध्यक्ष।
धर्मरत्न यमी, मन्त्री।
नरेन्द्रमणि आचार्य दीक्षित, मंत्री।
सुन्दर प्रसाद साह, सहमन्त्री।
ऋषभदेव शास्त्री, सदस्य।
केशरबहादुर खत्री क्षत्री, सदस्य।
गोपाल पाँडे, सदस्य।
योगी नरहरिनाथ, सदस्य।
कृष्णबहादुर सिंह बस्न्यात सदस्य।
माणिकलाल राजभण्डारी, सदस्य।
दिल्ली रमण रेग्मी, सदस्य।
पूर्णबहादुर मानव, सदस्य।
हृषीकेश साह, सदस्य।
केदारमान 'व्यथित', सदस्य।
केशर शम्शेर ज. ब. रा. सदस्य।
महानन्द सापकोटा, सदस्य।
यक्ष विक्रम साह, सदस्य।
खड्गमान मल्ल, सदस्य।
सिद्धिचरण, सदस्य।
गुञ्जमान सिंह, सदस्य।
भगवती प्रसाद सिंह, सदस्य।
प्रेमबहादुर सुब्बा सदस्य।
बालकृष्ण सम, सदस्य।